सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily

धुमपान र मद्यपान नगरौं स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष १२ | अंक ९२ | ३० असोज २०८३ शुक्रबार | 16 October 2026 Friday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

भाडाको भवनबाट आफ्नै पूर्वाधारसम्म : युनाइटेड अस्पताल सुदृढ स्तरमा

७ विशेषज्ञ चिकित्सकको सेवाले छिमेकी जिल्ला र भारतसम्म पहुँच विस्तार


डा. समिर खान


डा. सुमन श्रेष्ठ


डा.प्रदिप यादव


डा.गोविन्द रावत


डा.सन्देश आचार्य


डा.सन्तोष पौडेल







पार्वती पाण्डे

कपिलवस्तु २९ असोज

कुनै समय भाडाको सानो संरचनाबाट स्वास्थ्य सेवा सुरु गरेको युनाइटेड अस्पताल अहिले आफ्नै सुविधासम्पन्न भवनबाट विशेषज्ञ चिकित्सकसहितको गुणस्तरीय सेवा प्रदान गर्ने अवस्थामा पुगेको छ। वाणगंगा नगरपालिका-४ ठाकुरापुरमा युनाइटेड सहकारीद्धारा सञ्चालित अस्पतालले सात जना विशेषज्ञ चिकित्सकसहित सेवा विस्तार गरेपछि कपिलवस्तुसँगै छिमेकी जिल्ला र सीमाक्षेत्रका भारतीय नागरिकका लागि समेत उपचारको पहुँच सहज बन्दै गएको छ।

स्थापनाको प्रारम्भिक चरणमा वाणगंगा-४ जीतपुरको चोकबाट भाडाको भवन लिएर सेवा सुरु गरेको अस्पतालले विस्तारको क्रमसँगै ठाकुरापुरमा करिब डेढ बिघा जमिनमा आफ्नै भवन निर्माण गरेको हो। अहिले सोही भवनबाट अस्पतालले विभिन्न स्वास्थ्य सेवा सञ्चालन गर्दै आएको छ।

अस्पतालका निर्देशक सुन्दर आचार्यका अनुसार सीमित पूर्वाधारबाट सुरु भएको अस्पताललाई क्रमशः व्यवस्थित र सुविधासम्पन्न स्वास्थ्य संस्थाका रूपमा विकास गर्ने योजनाअनुसार पूर्वाधार तथा विशेषज्ञ सेवा विस्तार गरिएको हो।

“भाडाको भवनबाट सेवा सुरु गरेका थियौं। विस्तारै आफ्नै जमिनमा पूर्वाधार तयार गरेर अहिले विशेषज्ञ चिकित्सकसहित सेवा दिन सक्ने अवस्थामा पुगेका छौं,” निर्देशक आचार्यले भन्नु भयो, “स्थानीय नागरिकलाई आफ्नै ठाउँमा सहज र भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराउने हाम्रो मुख्य उद्देश्य हो।”

विशेषज्ञ सेवा थपिएसँगै बढ्यो पहुँच :

अस्पतालमा सात जना विशेषज्ञ चिकित्सकबाट सेवा सुरु भएपछि उपचारका लागि आउने बिरामीको पहुँच र दायरा पनि विस्तार भएको अस्पतालले जनाएको छ। विशेषज्ञ चिकित्सकको परामर्शका लागि अन्यत्र जानुपर्ने अवस्थालाई कम गर्ने उद्देश्यले अस्पतालले सेवा विस्तार गरेको हो।विशेषज्ञ सेवा उपलब्ध हुन थालेपछि कपिलवस्तुका विभिन्न स्थानबाट बिरामी उपचारका लागि आउने गरेका छन्।

त्यति मात्र होइन, अर्घाखाँची, प्युठान र रोल्पालगायतका छिमेकी जिल्लाबाट समेत बिरामी उपचारका लागि अस्पतालमा आउने गरेको निर्देशक आचार्यले बताए।

यसले अस्पतालको सेवा स्थानीय क्षेत्रमै सीमित नरहेको देखाएको छ। आफ्नै भवन, विस्तार हुँदै गएको स्वास्थ्य पूर्वाधार र विशेषज्ञ चिकित्सकको उपस्थितिले अस्पतालप्रति सेवाग्राहीको आकर्षण बढ्दै गएको अस्पतालको दाबी छ।

विशेषगरी उपचारका लागि बुटवल, भैरहवा वा अन्य ठूला स्वास्थ्य संस्थामा पुग्नुपर्ने बिरामीका लागि स्थानीयस्तरमै विशेषज्ञ सेवा उपलब्ध हुनु महत्वपूर्ण भएको अस्पतालको भनाइ छ। नजिकै उपचार सेवा पाउँदा बिरामी तथा आफन्तको समय र यात्राको खर्चसमेत घट्ने अपेक्षा गरिएको छ।

नेपाल टप डाक्टर युनाइटेडमा :

युनवाइटेड अस्पतालमा बरिष्ट एनेस्थेसियोलोजी डा सुमन श्रेष्ठले सेवा दिइरहनु भएको छ । उहा एमडी एनेस्थेसियोलोजी एण्ड क्रिटिकलकेयर उपाधी प्राप्त नेपाल टप भएर उत्तिर्ण भएका डाक्टर रहेको वताइएको छ । डा.श्रेष्ठले अमेरीकावाट दिर्घकालिन दुखाई ब्यवस्थापन सहितको फिजिसियन उपाधी हासिल गर्नु भएको थियो।

अर्का बिशेषज्ञ डा.सन्तोष पौडेल बरिष्ट जनरल सर्जन एवम ल्याप्रोस्कोपीक सर्जन रहनु भएको छ ।उहाले काठमाडौ विश्वविद्यालयवाट जेनेरल सर्जरीमा स्नातकोत्तर गर्नु भएको छ । यसैगरी डा. सन्देश आचार्य बरिष्ट प्रसूती महिला रोग विशेषज्ञ एवम ल्याप्रोस्कोपिक सर्जनले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानवाट प्रसुती विज्ञान तथा स्त्री रोग विज्ञान विषयमा एमडी गर्नु भएकोछ।

त्यसैगरी डा. समिर खान बरिष्ट हाडजोर्नी तथा नशारोग विशेषज्ञ रहनु भएको छ । उहा अर्थोपेडिक र ट्रमा सर्जरीमा स्नातकोत्तर उपाधी हासिल गर्नु भएकोछ।

यस्तै डा.गोविन्द रावत एमडी इन्टरनल मेडिसिन ,डा प्रदिप यादव कन्सल्टेण्ट रेडियोलोजिष्ट डा.रहनु भएको छ । यसैगरी नाककान घाटी रोग विशेषज्ञ डा.माधव ज्ञवाली र वालरोग विशेषज्ञ डा. विजय भुसाल रहनु भएकोछ।

यसैगरी डा. योगेन्द्र थापा र डा. रोशन कुमार यादव बरिष्ट मेडिकल अफिसरको रुपमा कार्यारत हुनहुन्छ ।उल्लेखीत सबै चिकित्सक यूनाइटेडका पूर्णकालिन चिकित्सक हुन उनीहरु दैनिक सेवामा खटि रहेका हुन्छ।

५० वेड क्षमता : माइनर देखी मेजर अप्रेशन सेवा :

युनाइटेड हस्पीटल हाल ५० वेड क्षमतामा संचालित लुम्बिनी प्रदेशवाट स्वीकृती प्राप्त अस्पतालको यसले १०० वेडको अनुमतिका लागि फाइल पेश गरेको वताइएकोछ। यहा माइनर देखि मेजर सम्मका हाडजोर्नीका अपरेशन, पाठेधरको अप्रेशन, पित्तथैली एपेण्डीसाइटिस हर्निया लगायतका विभिन्न प्रकारका अप्रेशनहरु दैनिक रुपमा अधिक संख्यामा हुदै आएका छन् । युनाइडेडमा २ वटा भेण्टीलेटर सहितका ७ वटा आइसियू वेड रहेका छन् । पित्त थैली, हर्रानिया एपेण्डीसाइटिस लगायतका अपरेशन दुरविनवाट हुने गरेकोछ । भिडियो एक्सरे कलर डाप्लर मेसिन, इको र इसिजीको आधुनिक मेसिन तथा उपकरण सहितका सेवा रहेकाछन।

डेढ बिघामा आफ्नै सुविधायुक्त संरचना :

अस्पतालको विकास यात्राको अर्को महत्वपूर्ण पक्ष हो–आफ्नै पूर्वाधार निर्माण। सुरुमा भाडाको भवनबाट सञ्चालन भएको अस्पताल अहिले करिब डेढ बिघा जमिनमा निर्माण गरिएको आफ्नै भवनबाट सञ्चालन भइरहेको छ।

अस्पतालका लागि आवश्यक पूर्वाधार विस्तार गर्न पर्याप्त क्षेत्रफल उपलब्ध भएपछि भविष्यमा सेवा थप व्यवस्थित गर्न सहज हुने अस्पताल प्रशासनको विश्वास छ। स्वास्थ्य संस्था सञ्चालनमा भौतिक पूर्वाधारसँगै दक्ष जनशक्ति र आधुनिक स्वास्थ्य उपकरणको पनि महत्वपूर्ण भूमिका हुने भएकाले अस्पताललले सेवा विस्तारलाई चरणबद्ध रूपमा अघि बढाएको जनाएको छ।

निर्देशक आचार्यका अनुसार अस्पताललाई स्थानीय नागरिकको आवश्यकता र अपेक्षाअनुसार विस्तार गर्दै लैजाने योजना छ। स्वास्थ्य क्षेत्रमा नागरिकको विश्वास जित्न सेवा गुणस्तर, विशेषज्ञ जनशक्ति र बिरामीमैत्री वातावरणलाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ छ।

सहकारीको अवधारणाबाट स्वास्थ्य सेवा :

युनाइटेड अस्पतालको सञ्चालनमा सहकारी क्षेत्रको नेतृत्वदायी भूमिका रहेको छ। समुदायसँग जोडिएको सहकारीको लगानी र सहभागिताबाट स्वास्थ्य संस्था सञ्चालनमा आउनुले स्थानीय स्रोतलाई स्वास्थ्य सेवासँग जोड्ने प्रयासका रूपमा पनि यसलाई लिन सकिन्छ।

युनाइटेड सहकारीमार्फत संकलित पूँजीलाई उत्पादनशील तथा सामाजिक योगदानको क्षेत्रमा परिचालन गर्ने अवधारणाअन्तर्गत स्वास्थ्य सेवा लगानीको महत्वपूर्ण क्षेत्र बन्न पुगेको हो स्थानीय आवश्यकता पहिचान गरेर त्यसअनुसार स्वास्थ्य संस्था सञ्चालन गर्न सकेमा समुदायमै स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न सकिने उदाहरण युनाइटेड अस्पतालले प्रस्तुत गरेको छ।अस्पतालले पनि आफ्नो सेवा विस्तारलाई केवल भौतिक संरचना थप्ने विषयका रूपमा मात्र नभई नागरिकको स्वास्थ्य आवश्यकतासँग जोडेर अघि बढाउने बताएको छ।

'टाढा जानुपर्ने बाध्यता हट्यो :

स्थानीयस्तरमै विशेषज्ञ चिकित्सकको सेवा उपलब्ध हुन थालेपछि बिरामीलाई उपचारका लागि टाढा जानुपर्ने बाध्यता केही हदसम्म कम भएको अस्पताल प्रशासनको भनाइ छ। सामान्य स्वास्थ्य समस्यादेखि विशेषज्ञ परामर्श आवश्यक पर्ने अवस्थासम्म एउटै स्वास्थ्य संस्थाबाट सेवा लिन सक्ने वातावरण बनाउन अस्पतालले जोड दिएको जनाएको छ।

छिमेकी जिल्लाबाट समेत बिरामी आउन थालेपछि अस्पतालको सेवा क्षेत्र विस्तार हुँदै गएको देखिन्छ। विशेषगरी अर्घाखाँची, प्युठान, रोल्पा र भारतको शिद्धार्थनगर बढनीबाट बिरामी आउनुले वाणगंगा क्षेत्र स्वास्थ्य सेवाको पहुँचका दृष्टिले आसपासका जिल्लासँग जोडिँदै गएको संकेत गरेको छ।

यद्यपि स्वास्थ्य संस्थाको विस्तारसँगै सेवाको गुणस्तर कायम राख्नु अर्को महत्वपूर्ण चुनौती हो। बिरामीको संख्या बढ्दै जाँदा पर्याप्त विशेषज्ञ जनशक्ति, दक्ष स्वास्थ्यकर्मी, आवश्यक उपकरण, औषधि तथा प्रभावकारी व्यवस्थापनलाई निरन्तरता दिनुपर्ने हुन्छ।

अस्पताललले आगामी दिनमा यी पक्षलाई प्राथमिकतामा राखेर सेवा विस्तार गर्ने अस्पताल ब्यवस्थापन समितीका अध्यक्ष मुनाराम चालिसेले बताउनु भयो । अस्पतालमा ठूलो टिमको सहभागिता रहेकाले आगामी दिनमा मेडिकल कलेज संचालन गर्ने योजना रहेको चालिसेले वताउनु भयो ।

सम्पादकीय

व्यवहार सुधार प्रहरी

अपराध अनुसन्धानमा मैदानमा खटेका प्रहरीहरु नरम हुँदैनन्, गरम हुन्छन् जहाँ पनि । अपराध गर्नेलाई पक्राउ गर्न पर्दा कडा बन्छन् । मिष्ठ र शिष्टभाषी हुँदैनन् । अप्रिय गालीसंगै मुडकी, लात्ती र लाठी पनि वर्षाउँछन् । त्यतिले नपुगे गोली पनि ठोक्छन् । यो सब गर्न उनीहरुलाई प्रशिक्षण दिइएको हुन्छ । त्यसैले कठोर व्यवहार देखिन्छ । तर त्यही अन्तिम सत्य होइन । अरु सेवामूलक काममा खटिदा उनीहरु नरम पनि देखिन्छन्, भेटिन्छन् । अनुशासित हुन्छन् । तुलनात्मक रुपमा हेर्ने हो भने सीमापारीका प्रहरीहरु भन्दा नेपालतिरका प्रहरी त साह्रै ठिठलाउदा देखिन्छन् । सीमा क्षेत्रमा बसेर उताका र यताका प्रहरीका बोली र व्यवहार हेरेपछि जोसुकैले पनि भन्छ - नेपालका प्रहरी देख्दा दया लाग्छ ।'

नेपालका प्रहरीहरु आफैमा कमजोर थिएनन्, छैनन्, हैनन् । बोली र व्यवहार पनि बदनाम गर्न मिल्ने खालको छैन । तर प्रहरी शक्ति र संगठनलाई राजनीतिकरणले सिध्याउँदा कमजोर बने । अनि चोर, तस्कर, माफिया, बिचौलिया र गुण्डाहरुले राजनीति गरेर, सत्तामा पुगेर बदनाम गरे । राजनीतिको अपराधिकरण र अपराधको राजनीतिकरण हुन थालेपछि प्रहरीको मनोबल खस्केको हो । प्रहरीमा भर्ति हुनदेखि लिएर उपल्लो दर्जामा पुग्न, कमाउने ठाउँमा सरुवा मिलाउन, शक्तिको भक्ति गर्न पर्दा नैतिक मनोबल न्यून छ । यस्तो भएपछि प्रहरीलाई जोसुकैले पनि हेप्छ । नेपाल र भारतका बीचको सीमा खुल्ला छ । पुरै खुल्ला पनि हैन, छैन । आवत जावत, ओसार पसार, व्यापार र व्यवसायमा नियन्त्रण पनि छ । कुन वस्तु सहज रुपमा ल्याउन लैजान पाइन्छ र पाइदैन भनेर साधारण जनतालाई थाहा हुँदैन । व्यापारीहरुले त्यसैको फाइदा उठाउने काइदा जानेका हुन्छन् । प्राय: सीमा क्षेत्रका बजारका व्यापारीहरुले कानुनी छिद्र खोजेर, लाइन मिलाएर, उता र यताका वैध अवैध माल ओसार पसार गरेर नाफा कमाउन खोज्छन् । केही वैध काम गरेको देखाएर धेरै अवैध कारोबारतिर लाग्रेर । त्यस्तो गर्नेहरुका माल छुट्याएर भेट्टाउन सहज हुँदैन । कहिलेकाहिँ फरक पर्न सक्छ । त्यसैलाई लिएर सिङ्गै संगठनलाई बदनाम गर्ने मौका नदिउन् । विषयगत दक्षता बढाउन् । सुक्ष्म अध्ययन र निगरानी बढाएर मात्र माल जफत गरेर अभियुक्त समाउन् ।

कृष्णनगरमा नाम अनुसारको काम र कारोबार हुन्छ भन्ने बारेमा विवाद छैन । तर माल जफत गरेर भन्सार चलान गर्दा कुन चोरीको हो र हैन भनेर राम्ररी छुट्याउन नबिर्सुन् । वैध माल जफत गरेर बुझाएका भए गलत भएको मान्नै पर्छ । यस्तो व्यवहार सैह्य हुँदैन, सुधार्नै पर्छ । अझ त्यसमा पनि पीडितले आत्मदाह गर्नपर्ने अवस्था आउनु अक्षम्य देखिन्छ । यो घटनाको छानबिन हुनुपर्छ । दोषी देखिए प्रहरीले पनि गल्ती वा अपराध अनुसारको सजाय पाउनै पर्छ, छूट दिन मिल्दैन । दशैका बेला अलि बढी बदमासी हुन्छ प्रहरी र व्यापारी दुबै तिरबाट भन्ने विषय बिर्सन हुँदैन । दुबैका आ-आफ्नैखाले बाध्यता छन् भन्ने विषय जनताले पनि बुझेका छन् । दशैंको मौका छोपेर चौका हान्न खोज्दा धोका खान परेको नहोस् ।

कूटनीतिमा महिला सहभागिता



सिर्जना काफ्ले

कूटनीतिमा महिलाको सहभागिताले वार्ता, शान्ति निर्माण र समावेशी कूटनीतिलाई प्रभावकारी बनाउने भए पनि नेपालमा महिला कूटनीतिज्ञहरूको निर्णायक तहमा उपस्थिति अझै न्यून छ।

खुला प्रतिस्पर्धाबाट राजदूत छनोट गर्ने अभ्यास सुरु भए पनि राजनीतिक पहुँच, अदृश्य विभेद र विषयगत विज्ञताको कमीले प्रक्रिया अझै चुनौतीपूर्ण बनेको छ।

नेपालले राजदूत चयनमा पारदर्शिता, संस्थागत प्रणाली र सम्बन्धित देशको भाषा-संस्कृति तथा कूटनीति बुझ्ने विशेषज्ञतालाई प्राथमिकता दिँदै लैंगिक सन्तुलन कायम गर्न आवश्यक छ।

अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्ने, राष्ट्रिय हितको प्रवर्द्धन गर्ने र वार्तामार्फत शान्ति तथा सहयोग कायम राख्ने एक कला र विधि हो, कूटनीति । परम्परागत रूपमा कूटनीतिलाई सीमा, सुरक्षा र राजनीतिक सन्धि-सम्झौतामा सीमित राखिन्थ्यो । तर २१औं शताब्दीमा यसको आयाम व्यापक बनेको छ।

आजको कूटनीति आर्थिक, सांस्कृतिक, जलवायु परिवर्तन, डिजिटल र लैंगिक समावेशिताका मुद्दाहरूसँग प्रत्यक्ष जोडिएको छ। कुनै पनि देशले अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने कूटनीतिक दक्षताले नै विश्व व्यवस्थामा उसको छवि र प्रभाव निर्धारण गर्छ । यस लेखमा कूटनीतिका केही ऐतिहासिक पक्षको चर्चा गर्दै नेपाली परिवेशमा महिला कूटनीतिज्ञहरूको उपस्थितिलाई कसरी राज्यको आँखामा पार्न सकिन्छ भन्नेबारे विमर्श गरिएको छ।

ऐतिहासिक रूपमा कूटनीतिलाई पुरुषप्रधान क्षेत्रका रूपमा हेरिन्थ्यो । तर विश्वव्यापी अध्ययन र अनुभवले के पुष्टि गरेको छ भने, महिला कूटनीतिज्ञहरूको उपस्थिति रहेका वार्ता र शान्ति प्रक्रिया बढी दिगो, प्रभावकारी र जनमुखी हुने गरेका छन् । विश्वका धेरै देशहरू (जस्तैः स्विडेन, क्यानडा, नर्वे) ले आफ्नो परराष्ट्र नीतिमै 'फेमिनिस्ट फरेन पोलिसी' को अवधारणा लागू गरिसकेका छन्।

कूटनीतिमा महिलाको सहभागिताले मानवीय संवेदनशीलता, समावेशी दृष्टिकोण र शान्ति निर्माणका क्षेत्रमा नयाँ उचाइ प्रदान गरेको छ । नेपालको सन्दर्भमा भने कूटनीतिक सेवामा महिलाको प्रवेश र निर्णायक तहमा पुग्ने दर अझै पनि न्यून छ । नेपालबाट राजदूतका रूपमा सेवा गर्ने महिलाहरूको संख्या औंलामा गन्न सकिने मात्र छ । निजामती सेवा वा परराष्ट्र सेवाभित्रैबाट महिला कूटनीतिज्ञहरू अगाडि आउने क्रम बिस्तारै बढे पनि उच्च तहका राजनीतिक नियुक्तिहरूमा लैंगिक सन्तुलन र समावेशिता ओझेलमा परेको छ।

राजदूत नियुक्ति प्रक्रिया

नेपालको संविधान र परराष्ट्रसम्बन्धी अभ्यास अनुसार राजदूत नियुक्ति दुई तरिकाबाट हुने गर्छ। पहिलो, परराष्ट्र सेवामा करिअर कूटनीतिज्ञः परराष्ट्र मन्त्रालयका वरिष्ठ कर्मचारीहरू सहसचिव वा सचिवबाट ५० प्रतिशत कोटा अनुसार चयन गरिन्छ। दोस्रो राजनीतिक नियुक्तिः राजनीति, प्राज्ञिक क्षेत्र, कानुन वा अन्य क्षेत्रमा विशिष्ट योगदान दिएका व्यक्तिहरूबाट मन्त्रिपरिषद्को सिफारिसमा ५० प्रतिशत कोटा अनुसार चयन गरिन्छ।

कूटनीतिमा महिलाको सहभागिताले मानवीय संवेदनशीलता, समावेशी दृष्टिकोण र शान्ति निर्माणका क्षेत्रमा नयाँ उचाइ प्रदान गरेको छ। नेपालको सन्दर्भमा भने कूटनीतिक सेवामा महिलाको प्रवेश र निर्णायक तहमा पुग्ने दर अझै पनि न्यून छापछिल्लो समय सरकारले भारत, अमेरिका, बेलायत, चीनलगायत १३ मुलुकमा राजदूतहरूको सिफारिस गरी संसदीय सुनुवाइ भएको छ।

पहिलो चरणमा मन्त्रिपरिषद्को छनोट र सिफारिस नेपालको अभ्यास अनुसार

विकासका अवसर प्रदान गरेर कूटनीतिक सेवामा महिलाको अर्थपूर्ण र निर्णायक सहभागिता सुनिश्चित गर्नु आजको आवश्यकता हो।

परराष्ट्र सेवाका अनुभवी कूटनीतिज्ञ र बाहिरबाट विज्ञ, प्राध्यापक वा विशेषज्ञहरू खुला प्रतिस्पर्धाबाट राजदूतहरू छनोट गरिन्छन्। मन्त्रिपरिषद्ले सम्बन्धित देशको भूराजनीतिक महत्त्व, आर्थिक सम्बन्ध र आवश्यकता हेरेर नामहरू सिफारिस गर्छ।

जनस्तरको निगरानी र उजुरीसहित मन्त्रिपरिषद्ले नाम सिफारिस गरेपछि प्रक्रिया दुवै सदनका सदस्य रहने संयुक्त संसदीय सुनुवाइ समितितर्फ जान्छ।

सिफारिस गरिएका नामहरू संसदीय सुनुवाइ समितिमा पुग्छन् । संसदीय सुनुवाइ समितिमा राजदूतमा प्रस्तावित उम्मेदवार सांसदहरूको सामुन्ने उपस्थित हुन्छन्। उनले देशको आर्थिक कूटनीति, पर्यटन प्रवर्द्धन, वैदेशिक लगानी र सम्बन्धित देशमा रहेका नेपाली श्रमिकको हकहितका लागि आफ्नो कार्ययोजना प्रस्तुत गर्छन्।

प्रस्तावित राजदूतको संसदीय सुनुवाइ प्रक्रिया अघि बढाउने क्रममा राष्ट्रिय दैनिक पत्रिकामार्फत सार्वजनिक सूचना जारी गरी उम्मेदवारविरुद्ध वित्तीय अनियमितता, दोहोरो नागरिकतालगायत कुनै विषय भए स्पष्ट आधारसहित दस दिनभित्र उजुरी दिन आह्वान गरिन्छ । सुनुवाइ समितिमा सांसदहरूले उम्मेदवारमाथि परेका उजुरी, योग्यता र कूटनीतिक क्षमताबारे कडा प्रश्न सोध्छन्।

कुनै उम्मेदवारलाई अयोग्य ठहर गर्न १५ सदस्यीय संसदीय सुनुवाइ समितिको दुईतिहाइ बहुमत आवश्यक पर्छ । ४५ दिनभित्र समितिले निर्णय नगरेमा स्वतः बाटो खुल्छ । संसदीय समितिबाट नाम अनुमोदन भएपछि परराष्ट्र मन्त्रालयले सम्बन्धित देशको सरकारसमक्ष 'एग्रिमेन्ट' का लागि पठाउँछ। गन्तव्य मुलुकले स्वीकृति जनाएपछि राष्ट्रपति कार्यालय शीतल निवासबाट औपचारिक नियुक्तिपत्र प्रदान गरिन्छ र राष्ट्रपतिसमक्ष शपथग्रहण गरेपछि राजदूत आफ्नो जिम्मेवारी सम्हाल्न विदेश प्रस्थान गर्छन्।

नेपालको कूटनीतिक इतिहास हेर्दा यो क्षेत्र लामो समयसम्म पुरुषप्रधान र सम्भ्रान्त वर्गको एकाधिकारमा सीमित रह्यो। २०४५ सालमा बिन्देश्वरी शाह नेपालको पहिलो महिला राजदूतका रूपमा भारतका लागि नियुक्त भएकी थिइन् । २०६२/६३ को राजनीतिक परिवर्तनपछि निजामती सेवा ऐनमा भएको समावेशी प्रावधानले परराष्ट्र सेवामा महिला अधिकृतहरूको प्रवेशलाई केही तीव्र त बनायो, तर उच्च नेतृत्वमा पुग्न अझै सकस छ।

नेपाली महिला कूटनीतिज्ञहरूले आज पनि बहुआयामिक चुनौती सामना गरिरहेका छन् । परराष्ट्र सेवाभित्रै पनि वासिङ्टन, बेइजिङ, नयाँदिल्ली वा जेनेभा जस्ता रणनीतिक नियोगहरूमा महिलालाई पठाउन हिचकिचाउने अदृश्य विभेद कायमै छ। पुरुष कूटनीतिज्ञको गल्तीलाई सामान्य मानिने तर महिला कूटनीतिज्ञको सानो कमजोरीलाई पनि उसको समग्र क्षमतासँग जोडेर हेर्ने दोहोरो मापदण्ड छ।

राजदूत चयनको अभ्यास

नेपालको कूटनीतिक इतिहासमा लामो समयसम्म एउटा स्थापित भाष्य थियो, राजदूत बन्न कि त परराष्ट्र सेवाको वरिष्ठता चाहिन्छ, कि त शक्तिकेन्द्र र राजनीतिक दलको नजिकको पहुँच । यसले गर्दा कूटनीतिक नियोगहरू प्रायः भागबन्डा गर्ने वा 'राजनीतिक पुरस्कार' बाँड्ने थलो बनेको गुनासो निरन्तर उठ्थ्यो। तर, सरकारले खुला विज्ञापनमार्फत राजदूत छनोट गर्ने अभ्यास सुरु गरेसँगै यो परम्परामा ठूलो मोड आएको छ। यस अभ्यासले कूटनीतिलाई शक्तिकेन्द्रबाट निकालेर खुला प्रतिस्पर्धाको मैदानमा ल्याएको छ।

यसले के सन्देश दिएको छ भने तपाईंसँग अन्तर्राष्ट्रिय सम्बन्ध, अर्थतन्त्र वा परराष्ट्र नीतिको गहिरो ज्ञान र स्पष्ट दृष्टिकोण छ भने तपाईंको योग्यता नै राजदूत बन्ने मुख्य आधार बन्न सक्छ। तर छनोट र प्रक्रियाको निष्पक्षताका बारेमा प्रश्न गर्न सकिने ठाउँ छ।

विश्वव्यापी कूटनीतिमा महिलाहरूको प्रतिनिधित्व ऐतिहासिक रूपमा न्यून रहे पनि पछिल्ला दशकमा यसमा क्रमिक सुधार आएको देखिन्छ । सन् १९६८ मा संसारभर महिला राजदूतहरूको उपस्थिति एक प्रतिशतभन्दा पनि कम (०.९ प्रतिशत) रहेकोमा हाल यो बढेर २२ देखि २३ प्रतिशतसम्म पुगेको छाछनोट प्रक्रियामा कूटनीतिक गम्भीरता र विषयगत विशेषज्ञताको परिपक्वता अझै खड्किएको देखिन्छ। विशेष गरी दुई ठूला र शक्तिशाली छिमेकी चीन र भारतको बीचमा रहेको मुलुकका फितलो प्रतिनिधित्व हुनु राष्ट्रिय सुरक्षा र हितका दृष्टिले समेत जोखिमपूर्ण मानिन्छ। त्यसैले राजदूत चयन प्रक्रियालाई विवादरहित र नतिजामुखी बनाउन प्रक्रियाको पारदर्शिता र विषयगत विज्ञता दुवैको सन्तुलन हुनु अनिवार्य छ । ५० प्रतिशत राजनीतिक कोटाबाट नियुक्त गर्दा पनि चर्चित व्यक्तिभन्दा सम्बन्धित देशको भाषा, संस्कृति, कानुन र कूटनीति बुझेका विज्ञहरूलाई मात्र पठाउने नीतिगत सुधार नगरेसम्म नेपाली कूटनीतिले अन्तर्राष्ट्रिय जगत्मा सम्मानजनक स्थान बनाउन कठिन देखिन्छ।

नेपालले आफ्ना दुई ठूला छिमेकीको कूटनीतिक अभ्यासबाट धेरै सिक्न सक्छ। दुवै देशले कूटनीतिलाई आफ्नो 'राष्ट्रिय सामर्थ्य' को प्रमुख औजार मान्छन्, जहाँ दलीय पहुँचभन्दा संस्थागत प्रणाली र विषयगत विज्ञताले प्राथमिकता पाउँछ। भारतमा ९५ प्रतिशतभन्दा बढी राजदूत 'इन्डियन फरेन सर्भिस'कै वरिष्ठ कूटनीतिज्ञहरू हुन्छन् भने चीनमा शतप्रतिशत राजदूत व्यावसायिक कूटनीतिज्ञ हुन्छन्।

वुमन इन डिप्लोमेसी इन्डेक्स(डब्लूआईडीआई)ले प्रकाशनगरेको विश्वव्यापी कूटनीतिक सहभागितासम्बन्धी प्रतिवेदनमा विश्वव्यापी कूटनीतिमा महिलाहरूको प्रतिनिधित्व ऐतिहासिक रूपमा न्यून रहे पनि पछिल्ला दशकमा यसमा क्रमिक सुधार आएको देखिन्छ।

सन् १९६८ मा संसारभर महिला राजदूतहरूको उपस्थिति एक प्रतिशतभन्दा पनि कम (०.९ प्रतिशत) रहेकोमा हाल यो बढेर २२ देखि २३ प्रतिशतसम्म पुगेको छ। जसको अर्थ विश्वभरका कुल राजदूत तथा स्थायी प्रतिनिधिहरूमध्ये पाँच जनामा लगभग एक जना महिला छन्।

क्यानडा, फिनल्यान्ड, अमेरिका र अस्ट्रेलियाजस्ता देशहरूले आफ्ना ५० प्रतिशतभन्दा बढी कूटनीतिक नियोगको नेतृत्व महिलालाई सुम्पिएर अग्रणी स्थान बनाएका छन् भने रुस र केही खाडी मुलुकमा यो दर दुई प्रतिशतभन्दा पनि तल छ। नेपालको सन्दर्भमा भने राजदूतहरूमा महिलाको अनुपात करिब २३ प्रतिशत छ।-कान्तिपुर

बुद्धको शान्ति सन्देश फैलाउँदै लुम्बिनीदेखि निग्रोधारामसम्म पैदलयात्रा

कपिलवस्तु, २९ असोज

विश्व शान्तिको कामना गर्दै थाइल्यान्डबाट आएका २५ जना बौद्ध भिक्षुले बुद्ध जन्मस्थल लुम्बिनीदेखि कपिलवस्तुको निग्रोधाराम (कुदान) सम्म शान्ति पैदलयात्रा गरेका छन् । रोयल थाई मोनास्ट्री लुम्बिनीका प्रमुख भिक्षु सुपोतको नेतृत्वमा थाई भिक्षुहरूले शान्ति, अहिंसा र सद्भावको सन्देश प्रवाह गर्दै पैदलयात्रा गरेका हुन् । विश्वमा शान्ति कायम गर्ने उद्देश्यले यात्रा गरिएको प्रमुख भिक्षु सुपोतले बताउनुभयो ।वाट थाई नेपालका सचिव राजेश ज्ञवालीका अनुसार निग्रोधाराम भगवान् गौतम बुद्धसँग सम्बन्धित



महत्वपूर्ण ऐतिहासिक तथा धार्मिक स्थल हो । बुद्धत्व प्राप्त गरेपछि कपिलवस्तु फर्कनुभएका गौतम बुद्धले यही स्थलमा आफ्ना छोरा राहुललाई पहिलोपटक भेट्नुभएको धार्मिक मान्यता छ ।सचिव ज्ञवालीले बुद्धका शान्ति, करुणा, मैत्री र अहिंसाका सन्देशलाई विश्वभर फैलाउन यस्ता गतिविधिले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले लुम्बिनीदेखि निग्रोधाराम सम्मको पैदल यात्राले बुद्धसँग सम्बन्धित ऐतिहासिक स्थलको धार्मिक तथा पर्यटकीय महत्व उजागर गर्नसमेत सहयोग पुग्ने बताउनुभयो । भगवान् गौतम बुद्धको जीवनसँग सम्बन्धित महत्वपूर्ण स्थलका रूपमा परिचित निग्रोधाराममा स्वदेशी तथा विदेशी बौद्ध धर्मावलम्बीहरू पुग्ने गरेका छन् । यस्ता धार्मिक गतिविधिले कपिलवस्तु र लुम्बिनी क्षेत्रको बौद्ध पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने छ।

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३।८४
चलानी नम्बर :

बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना

सुचना प्रकाशन मिति २०८३।०६।३०

वाणगंगा नगरपालिकाबाट प्रकाशित तपसिलमा उल्लेखित ठेक्का नं. र कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र पेश भएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रदाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुले कबुल गरेको बोल अंकको औसत अंकसँग सबैभन्दा नजिक र लागत अनुमान भन्दा बढी नदेखिएकाले निजको बोलपत्र स्वीकृतिको आशयको प्रौजनको लागि सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ को उपदफा (२) बमोजिम तथा सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ४० को उपदफा (५) बमोजिम तथा सोही ऐन दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

सि.नं.	ठेक्का नं.	विवरण	दरभाउपत्र/बोलपत्र दाताको नाम थर र ठेगाना	स्विकृत बोल कबोल रकम (मु.अ.कर र PS सहित) रु	कैफियत
१	3/SQB/BMO/GOODS/83-84	Supply and Delivery of Stationery Goods	Shubhakamana Suppliers	१२,६८,७३५।७५	
२	4/NCB/BMO/GOODS/83-84	Supply and Delivery of Lab Surgical and Chemical Items at Pipara Hospital	Samundra Medico Pharma	१८,६०,४३९।००	
३	9/NCB/BMO/WORKS/83-84	Upgradation Work of Danapur, Sonpur, Birpur Sadak, Ward 10	Aajiban Nirman Sewa	२२,५२,५१७.५८	
४	10/SQB/BMO/WORKS/83-84	Nahar Pratikshyalaye Dekhi Fagu Tharuko Ghar Hudai Baidauli Jane Adhuro Sadak P.C.C Dhalan, Ward 6	Samik Construction	८,०१,११९।४२	
५	11/SQB/BMO/WORKS/83-84	ManoharaPur Dekhi Materiya Jane Adhuro Sadak Kalopatre, Ward no. 5 ra 6	Tawashree Nirman Sewa	१४,१४,७८४।५९	
6	12/NCB/BMO/GOODS/83-84	Supply and Delivery of Medicine Goods at Office	Laxmi Shree Pharmacy	५३,३२,८६५.५०	

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३।८४
चलानी नम्बर :

प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८३/६/३०

मिति २०८३।०५।३१ गते मेचिकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्रहरुको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम (५),(६) र (७) बमोजिम मिति मिति २०८३।०७।१० गते दिनको १२:०० बजे यसै कार्यालयमा आर्थिक प्रस्ताव खोल्ने गरी प्राविधिक प्रस्ताव स्वीकृत भएको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल:

S.N	Contract ID	Work Description	Bidder's Name and Address
1	8/NCB/BMO/WORKS/83-84	Upgradation Works of Bairiya Rajpur Nandanagar Sadak, Ward 2	Shyam and Sons Nirman Sewa,Maharajganj - 6 ,Kapilvastu
			AJIT-PR JV,Kapilvastu Municipality -1,Kapilvastu
			N.B.Construction ,Shivaraj -5 Kapailvastu
			Deepali-Khanal JV ,Shivaraj -1 Kapailvastu
			Kriti Construction,Banganga -8 ,Kapilvastu
			Asiyall Construction and Services,Siddharthanagar-09,Rupandehi
			Darsan Malika Builders,Tilottama-01,Rupandehi
			Indreni Trishakti Construction and Suppliers Pvt.Ltd,Butwal-11,Rupandehi
			JNI-BP JV,Chapakot-5 , Syangja
			Sujal Construction ,Kapilvastu Municipality -3,Kapilvastu
			Nawa Kamal-Gyaneshowori JV,Sainamaina -9 ,Rupandehi
			Biraj-Barsha-Mahakali JV,Banganga-2,Kapilvastu

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३।८४
चलानी नम्बर :

बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना

सुचना प्रकाशन मिति २०८३।०६।३०

बाणगंगा नगरपालिकाबाट सूचना प्रकाशित गरिए बमोजिम पर्न आएका दरभाउपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त दरभाउपत्र सँग सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.न	ठेक्का नं.	काम को बिबरण	स्वीकृत भएका आईटम नं. (बि ओ क्यू मा भएको सि.न.)	कैफियत
	5/NCB/BMO/GOOD/83-84	Supply and Delivery of Surgical Goods at Pipara Hospital	**Samundra Medico Pharam -41Item** - SN. No.2,6,7,11,12,13,41,44,48,54,55,56,59,60,61,68,69,70,71,72,73,74,75,76,77,78,83,84,85,87,100,108,125,130,149,153,154,155,157,160,162.	41
			Sunrise Trade Concern.- 31 Item-S.No 1,3,5,8,9,10,33,38,45,49,82,93,94,96,102,105,110,119,123,127,128,132,134,135,138,139,142,143,145,148,158	31
			Lumbini Surgichem Pvt.Ltd.- 30 Item-SN.No. 17,18,19,20,25,26,27,28,42,43,50,51,52,53,79,88,89,90,97,99,103,106,114,120,126,133,136,140,141,150	30
			Q-International .-46 Item- SN.No.14,15,16,21,22,23,24,29,30,31,32,36,37,39,40,45,46,47,62,67,86,91,92,101,104,107,111,112,113,115,116,117,118,121,122,124,129,131,137,144,146,147,151,152,156,161.	46
			Hometown Surgical and Trade - 5 Item-SN. No. 4,79,80,110,159.	5
			Sijan Traders-11 Item-SN. No. 34,35,57,58,63,64,65,66,95,98,109	11
	6/NCB/BMO/GOOD/83-84	LAB And X-ray Surgical and Chemical CLOSE ITEM LIST	Sniba Biossay 240 Plus Biochemistry Analizer and X-ray Machine — HR Medico Concern Pvt.Ltd -37 Item - SN. No.**1-37**	37
			Standard F200 Biosensor Analyzer — Top Business Trading Pvt.Ltd- 1 Item-S.No 2	2
			Cornely Hightech Electrolyte Analyzer — Top Business Trading Pvt.Ltd- 16 Item-SN.No. **1-16**	16
			CLIA Machine Autobio — Top Business Trading Pvt.Ltd- 11 Item-SN. No. **1-11**	11
1			5 Parts (Cellmax) Hematology Analizer — Thaple Satyawati Surgichem-4 Item-SN. No. **1-4**	4
	7/NCB/BMO/GOOD/83-84	Supply and Delivery of Medicine Goods at	**Samundra Medico Pharam -217 Item -** SN.No.14,21,24,25,26,29,36,37,40,41,45,47,49,52,54,55,63,64,67,75,76,78,80,91,98,99,115,118,119,120,121,125,126,129,130,131,134,138,148,152,153,157,158,167,168,170,171,178,179,183,185,195,196,199,203,210,211,213,217,219,220,221,233,235,236,237,238,239,240,246,247,248,251,252,253,255,256,257,258,259,260,261,263,268,272,274,275,278,279,286,289,296,298,301,302,306,314,316,317,318,319,320,327,330,331,333,334,340,343,348,352,354,357,359,360,363,367,368,370,371,372,373,378,379,391,393,399,407,408,409,410,411,412,418,419,423,430,432,444,445,448,449,451,452,454,456,457,464,479,480,481,482,489,490,494,495,504,505,510,511,517,519,523,527,536,538,541,548,555,565,566,568,569,570,572,573,575,576,577,578,579,585,592,596,597,599,600,602,603,605,613,614,615,622,623,624,626,627,640,641,643,644,645,653,655,657,659,665,667,672,673,674,677,680,681,682,699	217
			Sambuddha Medico Pvt.Ltd.- 13 Item-S.No 3,53,62,79,132,135,151,181,426,446,455,487,416	13
1			Health Care Surgical And Trade- 6 Item-SN.No. 528,702,703,704,705,706	6
			Medicart Nepal Pvt.Ltd.-50 Item-SN.No. 3,28,73,74,81,82,97,115,124,133,184,188,200,288,307,324,329,376,380,404,440,442,459,468,469,493,498,501,516,530,532,539,544,547,571,574,586,595,651,656,662,663,666,671,675,678,685,692,694,696.	50
			Avyas Medicine and Surgical - 34 Item-SN. No. 18,58,72,76,77,96,123,126,169,231,234,288,313,342,356,361,374,375,377,396,402,403,434,435,466,467,518,520,625,628,629,661,700,707.	34
			A One Pharma-147 Item-SN. No. 13,16,17,19,20,22,23,27,31,35,38,39,46,48,50,51,57,68,93,94,117,136,137,155,156,162,163,166,174,175,176,177,180,189,198,201,223,225,228,229,232,241,242,243,244,245,250,264,265,267,269,273,282,287,294,295,303,304,305,312,322,323,328,339,345,346,349,351,353,355,358,362,286,387,389,392,394,395,401,413,425,427,428,429,431,436,437,439,441,475,476,477,478,485,487,488,491,496,497,503,506,508,514,521,522,524,534,535,542,545,549,550,551,552,553,554,556,557,562,567,580,581,590,591,593,594,598,601,604,608,609,610,611,612,617,619,630,631,632,635,637,642,668,670,676,683.	146
			Medihub Medicine Suppliers -34 Item-SN.12,42,43,44,56,76,93,94,101,102,107,108,111,112,113,115,126,127,216,224,270,271,297,341,364,365,400,438,446,531,533,546,560,561	34

मनकामना सामुदायिक वन मार्फत बजेटको दुरगामी उपयोग : मेयर अर्याल

कपिलवस्तु २९ असोज

कपिलवस्तुको बाणगंगा नगरपालिका स्थित मनकामना सामुदायिक वन मार्फत बजेटको दुरगामी उपयोग भएको नगर मेयर चक्रपाणी अर्याललले बताउनु भएकोछ । नगर प्रमुख अर्याललले नगरभित्रका सामुदायिक वनहरूको आयव्यय सन्तोषजनक रहेको र सुशासन तथा पारदर्शिता सहित बजेटको सदुपयोग भइरहेको बताउनु भयो।बिहीबार बाणगंगानगरपालिका-२, नन्दनगर स्थित श्री मनकामना सामुदायिक वन उपभोक्ता समूहको १९औँ वार्षिक साधारणसभालाई सम्बोधन गर्दै नगर प्रमुख अर्याललले यस्तो बताउनुभएको हो । उहाले सामुदायिक वनले स्थानीय तहमा बुझाउनुपर्ने कर कार्यान्वयनका लागि प्रदेश सरकारसँग पहल भइरहेको जानकारी दिनुभयो।



कार्यक्रममा बाणगंगा नगरपालिका-२ का वडाध्यक्ष तथा नगर प्रवक्ता विष्णु पौडेलले सामुदायिक वन र वडा कार्यालयबीचको समन्वयमा विकास निर्माणका कामहरू भइरहेको बताउनुभयो । स्थानीय विकासका गतिविधिलाई प्रभावकारी बनाउन आपसी सहकार्य र समन्वय आवश्यक रहेको उहाँको भनाइ छ।

साधारणसभामा वनका अध्यक्ष मुक्तबहादुर कार्कीले संस्थाका गतिविधि तथा अवस्थाबारे धारणा राख्नुभएको थियो । अध्यक्ष कार्कीले सामुदायिक बनको उत्पादकत्व वातावरणीय सन्तुलन कायम गर्नका लागि वैज्ञानिक तथा दिगो वन व्यबस्थापन, वृक्षरोपण तथा हरियाली प्रवर्द्धन, वन पैदावारको न्यायोचित उपयोग, उपभोक्ताको सामाजिक तथा आर्थिक विकास, वातावरण तथा जैविक विविधता, सुशासन, पारदर्शिता तथा सहभागितालाई मुख्य प्राथमिकतामा राखेर कार्य गरिरहेको बताउनुभयो ।

साधारण सभामा वनका सचिव गंगा कुमारी भट्टाईले प्रगति प्रतिवेदन, कोषाध्यक्ष लक्ष्मी चौधरीले आर्थिक प्रतिवेदन तथा लेखा समिति सदस्य दिपक भुसालले लेखा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने सबै प्रतिवेदन पारित भएका छन् ।

कार्यक्रममा सामुदायिक वनका पूर्वअध्यक्ष अमित पौडेल, बाणगंगा खानेपानी तथा सरसफाई संस्थाका अध्यक्ष विश्व कार्की, सबडिभिजन वन कार्यालय पिपराका प्रमुख दिनेश जयसवाल, वैज्ञानिक वन महासंघका जिल्ला अध्यक्ष डिल्ली राज रेग्मी, मौरीपालन उत्पादन सहकारी संघका अध्यक्ष लिलापति घिमिरे लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

साधारणसभामा आर्थिक वर्ष २०८३/०८४ का लागि ९ करोड १४ लाख ५० हजार ७ सय ५० रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरिएको छ। बनका अध्यक्ष मुक्तबहादुर कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका उपाध्यक्ष पुरस्कार घिमिरेले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन सचिव गंगा कुमारी भट्टराईले गर्नुभएको थियो ।

मादल बनाउने पेसामा नयाँ पुस्ताको आकर्षण

घोराही २९ असोज

मादल बनाउने पेसामा नयाँ पुस्ताको आकर्षण देखापरेकोछ । यो दाङको समाचार हो । दशैं-तिहार नजिकिँदै गर्दा घोराही उपमहानगरपालिका-२, ठाँटीखोलाका ४१ वर्षीय अनन्तबहादुर सार्कीलाई मादल बनाउन र मर्मत गर्न भ्याइनभ्याइ छ । पुख्यौंली सीपलाई पेसा बनाएका उहाँले चाडपर्वमा बढ्ने माग पूरा गर्न चार जना कामदारलाई समेत रोजगारी दिनुभएको छ ।सार्कीले बुबा टंकबहादुरबाट सिकेको सीपलाई निरन्तरता दिँदै मादलसँगै तबला र ढोलक पनि बनाउँदै आउनुभएको छ । उहाँका अनुसार दैनिक १५ देखि २० जनासम्म ग्राहक मादल किन्न तथा मर्मत गर्न आउने गर्छन् । उहाँले बनाएका मादल एक हजार ८ सयदेखि ३० हजार रुपैयाँसम्ममा बिक्री हुने गरेका छन् भने मर्मतमा एक हजारदेखि १० हजार रुपैयाँसम्म खर्च लाग्ने गरेको



छ।

उहाँका छोरा थमराज सार्कीले पनि बुबासँगै मादल बनाउने र बिक्री गर्ने काम गर्दै आउनुभएको छ। साथीहरू विदेश गए पनि आफूले पुख्यौंली पेसालाई निरन्तरता दिएको उहाँ बताउनुहुन्छ ।दाङसँगै रोल्पा, प्युठान र अर्घाखाँचीबाट समेत ग्राहक आउने गरेका छन् । खमारीको काठ र बाख्राको छाला प्रयोग गरेर बनाइने मादलको माग विशेषगरी तीज, कृष्णजन्माष्टमी, दशैं र तिहारमा बढ्ने गर्छ।

यसरी पुख्यौंली सीपको संरक्षणसँगै सार्की परिवारले गाउँमै रोजगारी र आम्दानीको अवसर सिर्जना गरेको छ।

नयाँ किरण सहकारीको ३ करोड २९ लाखको आय-व्यय सार्वजनिक

बाबुराम रायमाझी

कपिलवस्तु २९ असोज

बाणगंगा नगरपालिका-९ भर्लाबासस्थित नयाँ किरण सहकारी संस्था लिमिटेडले आर्थिक वर्ष २०८२/०८३ को ३ करोड २९ लाख रुपैयाँ बराबरको आय-व्यय सार्वजनिक गरेको छ। संस्थाको १५औँ वार्षिक साधारणसभामा कोषाध्यक्ष पोमप्रसाद अर्याललले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको हो। सभामा अध्यक्ष प्रेमलाल गिरीले आगामी वर्षको नीति तथा कार्यक्रम र लेखा संयोजक सोमलाल गिरीले लेखा प्रतिवेदन प्रस्तुत गर्नुभयो। कार्यक्रममा संस्थाको वार्षिक प्रगति, आर्थिक अवस्था र आगामी योजनाबारे छलफल गरिएको थियो । कार्यक्रममा



वडाध्यक्ष कमल पौडेलले उत्पादनशील क्षेत्रमा ऋण लगानी गर्नुपर्ने बताउनुभयो भने जिल्ला सहकारी संघका अध्यक्ष ध्रुव बेल्बासेले शेयर सदस्यलाई सहुलियतपूर्ण ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो। उहाँहरूले सदस्यहरूको आर्थिक अवस्था सुधार गर्न सहकारीले प्रभावकारी भूमिका खेल्नुपर्ने धारणा राख्नुभयो । संस्थाका अध्यक्ष प्रेमलाल गिरीको अध्यक्षता, उपाध्यक्ष रेशम आचार्यको स्वागत तथा व्यवस्थापक मोतीकला पुनको सञ्चालनमा साधारणसभा सम्पन्न भएको थियो । २०६८ सालमा स्थापना भएको संस्थाले भर्लाबास र भर्तापुर क्षेत्रमा सेवा दिँदै आएको छ। हाल सहकारीमा ३७० जना शेयर सदस्य आबद्ध छन्।

प्रहरीका सन्ततिलाई स्नातकोत्तर तहसम्म निःशुल्क शिक्षा

काठमाडौं, २९ असोज

नेपाल प्रहरीले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित प्रहरी कर्मचारीका सन्ततिलाई प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउने भएको छ। बाढीबाट प्रत्यक्ष प्रभावित २८ जना नेपाल प्रहरी कर्मचारीका सन्ततिलाई उक्त सुविधा उपलब्ध गराउने निर्णय गरिएको हो।नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीको अध्यक्षतामा सोमवार बसेको नेपाल प्रहरी नीति निर्माण समितिको उच्चस्तरीय बैठकले प्रभावित प्रहरी परिवारलाई लक्षित गरी शिक्षा, जीविकोपार्जन तथा दीर्घकालीन पुनःस्थापनासम्बन्धी विशेष निर्णय गरेको नेपाल प्रहरी प्रधान कार्यालयले जनाएको छ।



गत भदौ १० गते रसुवा जिल्लास्थित भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका क्रममा कर्तव्य पालनामा खटिएका तथा बाढीबाट प्रत्यक्ष प्रभावित प्रहरी कर्मचारीका परिवारलाई लक्षित गरी बैठकले सो निर्णय गरेको हो। निर्णयअनुसार प्रभावित २८ जना प्रहरी कर्मचारीका सन्ततिलाई प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्मको शिक्षा पूर्णरूपमा निःशुल्क उपलब्ध गराइनेछ।

महानिरीक्षक कार्कीले राष्ट्र र नागरिकको सुरक्षाका लागि कर्तव्य पालनाका क्रममा आफ्नो प्राण आहुति दिने प्रहरी कर्मचारी तथा विपद्बाट प्रभावित प्रहरी परिवारप्रति नेपाल प्रहरी सधैँ साथमा रहेको बताउनुभएको थियो। प्रहरी कर्मचारीको त्याग, समर्पण र सेवाको उच्च मूल्याङ्कन गर्दै उनीहरूका सन्ततिको शिक्षा तथा परिवारको पुनःस्थापनाका लागि संगठनले आवश्यक सहयोग गर्ने उहाँले बताउनुभएको नेपाल प्रहरी प्रधान कार्यालयले जनाएको छ। प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अभिनारायण काफ्लेले राष्ट्रसेवामा खटिँदा प्रभावित भएका प्रहरी कर्मचारी तथा उनीहरूका परिवारको संरक्षण र कल्याण नेपाल प्रहरीको जिम्मेवारी भएको बताउनुभयो। उहाँले प्रहरी कर्मचारीले जोखिमपूर्ण अवस्थामा निर्वाह गरेको कर्तव्यको सम्मान गर्दै प्रभावित परिवारको शिक्षा र जीविकोपार्जनलाई दीर्घकालीनरूपमा सम्बोधन गर्ने उद्देश्यले निर्णय गरिएको जानकारी दिनुभयो।

प्रहरी प्रधान कार्यालयका प्रहरी उपरीक्षक धर्मराज भण्डारीले प्रभावित प्रहरी परिवारका अन्य सदस्यको जीविकोपार्जन तथा पुनःस्थापनाका लागि आवश्यकता र क्षमता पहिचान गरी सीपमूलक तथा व्यावसायिक तालिम प्रदान गरिने बताउनुभयो। तालिमपछि रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गर्न आवश्यक व्यवस्था मिलाउने निर्णयसमेत भएको उहाँले जानकारी दिनुभयो।

नेपाल प्रहरीले विपद्का समयमा राष्ट्र र नागरिकको सुरक्षाका लागि अग्रपङ्क्तिमा खटिने प्रहरी कर्मचारी तथा उनीहरूका आश्रित परिवारको कल्याणलाई प्राथमिकतामा राख्दै शिक्षा, रोजगारी, सीप विकास र पुनःस्थापनाका कार्यक्रमलाई प्रभावकारी बनाउँदै लैजाने जनाएको छ। राष्ट्रसेवामा ज्यान गुमाएका तथा विपद्बाट प्रभावित प्रहरी कर्मचारीका परिवारलाई संगठनको तर्फबाट आवश्यक सहयोग र संरक्षण निरन्तर उपलब्ध गराइनेसमेत नेपाल प्रहरी प्रधान कार्यालयले जनाएको छ।

कालीगण्डकी करिडोरमा साढे ६ करोड क्षति

पाल्पा २९ असोज

असोज दोस्रो साताको अविरल वर्षाले कालीगण्डकी करिडोरको तल्लो खण्डमा सडकतर्फ ६ करोड ५१ लाख रुपैयाँ बराबरको क्षति पुर्याएको छ।

पहिरो, सडक भासिने, पर्खाल भत्किने र लेदो थुप्रिने समस्याका कारण तत्काल मर्मतसम्भारका लागि ६५ लाख ५० हजार रुपैयाँ आवश्यक पर्ने देखिएको छ।



बाढीले बगाएका तथा निर्माण हुन बाँकी नौवटा पुल निर्माण गर्न प्रारम्भिक रूपमा ७२ करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ।

१४ लाख बढिको अवैध मदिरा बरामद

नवलपरासी २९ असोज

भन्सार छली गरी भारतीय नाकावाट नेपाल भित्राइएको ठुलो परिमाणको मदिरा पश्चिम नवलपरासीमा प्रहरीले बरामद गरेको छ।

प्रहरीले बिहीबार सुस्ता गाउँपालिका-५, महलबारीस्थित भित्री सडकखण्डबाट करिब १४ लाख ८४ हजार रुपियाँ बराबरको अवैध मदिरा नियन्त्रणमा लिएको हो ।जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका प्रहरी उपरीक्षक रामबहादुर केसीका अनुसार भारतीय बजारबाट अवैध रूपमा नेपालतर्फ मदिरा भित्र्याईँदै गरेको गोप्य सूचनाका आधारमा प्रहरीले उक्त क्षेत्रमा छापा मारेको थियो ।

प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी मदन थापाका अनुसार लुम्बिनी प्रदेश प्रहरी कार्यालय, तुलसीपुर, दाङ इलाका प्रहरी कार्यालय बेलाटारी र प्रहरी चौकी रामनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले ११ वटा ठुला हरिया झोलामा ल्याउँदै गरेको अवस्थामा मदिरा बरामद गरेको हो ।प्रहरीले सात वर्ष पुरानो 'ब्लेन्डेड ओल्ड मङ्क ट्रिपल एक्स' रमका ७५० मिलिलिटरका ७४२ बोतल बरामद गरेको जनाएको छ। प्रतिबोतल अनुमानित दुई हजार रुपियाँका दरले बरामद मदिराको कुल मूल्य १४ लाख ८४ हजार रुपियाँ हुने प्रहरीले जनाएको छ ।सीमा क्षेत्रबाट हुने अवैध मदिरा कारोबारमा संलग्न व्यक्तिहरू तथा सम्भावित गिरोहबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।



बिल लिने र दिने बानी बसालौं

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**,
अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादक: **बसन्त गिरी**, सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, व्यवस्थापक : **रामु पौडेल**,
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही